

# अध्याय -९

## जीवनको स्रोत

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना १:४; यूहन्ना १०:१०; यूहन्ना १:१२,१३; यूहन्ना ६:६१-६८; गन्ती १३:२३-३३; मत्ती ५:१-४।

***<u>यस अध्यायको मूल सार पदः</u> " येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६।***

जब येशू को हुनुहुन्छ भनेर प्रश्न गर्दा उहाँले केवल परमेश्वरमा मात्र निहित भएको स्वभावको बारेमा जवाफ दिनुभएको थियो भनेर यूहन्नाको सुसमाचारमा उल्लेख गरिएको छ। उहाँले "मै हुँ अर्थात् अहंम्" भनेर आफूलाई प्रस्तुत गर्नुहुँदा उहाँले परमेश्वर आफैलाई सम्बोधन गर्नुभएको थियो भन्ने कुरामा दुईमत छैन। जलिरहेको झाङ्गमा मोशाको अगाडि परमेश्वर देखा पर्नुहुँदा " महुँ जो मै हुँ" भनेर उहाँले आफ्नो परिचय दिनुभएको थियो (प्रस्थान ३:१४)। त्यही "मै हुँ," तब " वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बिचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।" यूहन्ना १:१४।

"म हुँ" भन्ने विषय वस्तुले यूहन्नाको पुस्तक बुनिएको छ। यस अध्यायको मूल सार पदले त्यसको बारेमा पुष्टि गर्दछः " येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६। संसारको ज्योति मै हुँ, जीवनको रोटी मै हुँ, भेँडाहरूलाई हुल्ने ढोका हुँ, असल गोठालो मै हुँ र मै सत्य बोट हुँ भन्ने येशूको दावीहरूलाई हामीले आत्मसात गर्न जरुरी छ।

*परमेश्वरले येशूको बारेमा यूहन्नालाई प्रकट गर्नुभएको ज्ञान यस अध्यायमा हेर्न निरन्तरता दिनेछौं। येशूले आफू मसीह हुँ भनेर आफ्नो बारेमा शक्तिशाली र प्रभाकारी दावी गर्नुभएतापनि कतिपयले उहाँलाई किन अस्वीकार गरे होलान् भन्ने कुरालाई यस अध्यायमा हेर्नेछौं। यो दुई कारणहरूले अध्ययन गर्नेछौं: ती धर्मगुरु वा धर्मशास्त्रको संरक्षक भनेर दावी गर्नेहरूले गरेका भूल हामी पनि नगरौं र त्यस भूलको खतरामा पर्नेहरूकहाँ हामी कसरी पुग्ने भन्ने ज्ञान पनि।*

## १. उहाँमा जीवन थियो

येशू परमेश्वर हुनुहुन्छ र उहाँ ईश्वरीय पुत्र हुनुहुन्छ भनेर यूहन्नाले यूहन्ना १:१मा स्पष्टरूपमा उल्लेख गरेका छन्। त्यसले गर्द यूहन्ना १:४मा लेखिएको "उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो," भनेर जीवनको अर्थ उहाँमा भएको ईश्वरीय वा दिव्य जीवन हो जुन जीवन कसैबाट उपलब्ध नभएको सनातन अस्तित्व हो। उहाँमा नै जीवन भएकोले उहाँले आफ्नो जीवन मानव प्राणीको निम्ति त्याग गर्न सक्नुहुन्छ र फेरि पाउन सक्नुहुन्छ (यूहन्ना १०:१७)। उहाँ आफैमा जीवन भएकोले उहाँलाई चाहना गर्ने मानव प्राणीलाई जीवन वा ज्यान दिने अधिकार उहाँमा नै निहित भएको छ (यूहन्न ५:२१, १४:१९)।

यो जीवन भन्ने शब्द ( ग्रीक भाषामा zoe जो) यूहन्नाको सुसमाचारमा ३६ पल्ट देखा परेको छ। यो नयाँ करारभरिमा यूहन्ना जीवन २५ प्रतिशत छ। यूहन्ना १:४,५मा यस पृथ्वीमा चाहिने जीवनको स्रोत येशूभएतापनि यससङ्ग मुक्ति पनि गाँसिएको छ। यूहन्नाको सुसमाचारभरि यो जीवन वा जोको अवधारणा अनन्त जीवन वा मुक्तिको मामिलासँग व्यक्त गरिएको छ (यूहन्ना ३:१५,१६,३६; यूहन्ना ४:१४,३६; यूहन्ना ६:२७,४०,४७,५४,६८; यूहन्ना १०:२७,२८)। यसरी सृष्टिका जीवन दिनुहुने नै यस संसारमा हराइरहेका वा अर्थमूलक जीवन गुमाइरहेकाहरूलाई मुक्ति र अनन्त जीवन आउनुभएको थियो।

**यस पृथ्वीमा येशू नै किन आउनुभयो त? हेर्नुहोस्, "भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" यूहन्ना १:२९; "१४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। १६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि**

उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन..." यूहन्ना ३:१४-१८; " ३५ येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ३६ तर मैले तिमीहरूलाई भनेकै छु, तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ। ३७ पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:३५-४०; "१० "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। ११ म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। १२ भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। १४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु।" यूहन्ना १०:१०-१५ र "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु।" यूहन्ना १२:२७।

हो, "जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" यूहन्ना ३:१४-१५।

खम्बामा ढलौतको सर्पलाई मोशाले झुन्ड्याउँदा त्यसलाई हेर्ने सर्पदंश भएको मानिस निको हुन्थ्यो, त्यसरी नै सर्पदंशरूपि पापले टोकेका मानिसहरूले

येशूलाई हेर्दा पापबाट निको हुन सक्छ। हामी मर्नुपर्ने ठाउँमा येशू मर्नुभयो ताकि उहाँमा भएको जीवन हामीमा होस्।

यस संसारमा हामी जिउने जीवन मात्र हुने होइन तर लामो आयु र प्रशस्त जीवन होस् भन्ने येशूको सदिच्छा हो। यसकारण, " १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्।" यूहन्ना १:१२-१३।

सनातन सृष्टिकर्ता परमेश्वर पिता को हुनुहुन्छ भनेर प्रकट गर्न येशू आउनुभएको थियो किनभने "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।" यूहन्ना १:१८। येशूको चरित्र, स्वभाव,गुण र मिजास हेरेर हामी परमेश्वर पिताको चरित्र, स्वभाव, गुण र मिजासलाई थाहा पाउन सक्छौं।

***परमेश्वरको चरित्र वा स्वभाव कस्तो छ भनेर येशूको जीवनबाट हामी के सिक्न सक्छौं? यो आत्मज्ञान हाम्रो निम्ति किन शुभ सन्देश हो?***

## २. अनन्त जीवनका वचनहरू

**यूहन्ना ६:६१-६८ पढ्नुहोस्। ५८ जना चेलाहरूले येशूलाई त्यागेपछि येशूले बाह्रजना चेलाहरूलाई पनि मलाई छोड्ने हो कि भनेर सोध्नुहुँदा पत्रुसले के जवाफ दिएका थिए र त्यसको अर्थ के हो? " ६१ तर उहाँका चेलाहरू यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ? ६२ तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो? ६३ जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन्। ६४ तर तिमीहरूमध्ये कति छन्, जसले विश्वास गर्दैनन्।" किनभने विश्वास नगर्नेहरू को-को हुन्, र उहाँलाई धोका दिने को हुनेछ भनी येशूलाई सुरुदेखि नै थाहा थियो। ६५ अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, 'यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन।" ६६ यसपछि उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिंड्न छोड़े। ६७ येशूले बाह्रैलाई भन्नुभयो, "के तिमीहरू पनि मलाई त्यागेर जाने?" ६८ सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन्।" यूहन्ना ६:६१-६८।**

पत्रुसका शब्दहरू "अनन्त जीवन" नै यूहन्नाको सुसमाचारको विषयवस्तु हो जहाँ जतातते फैलिएको छ। येशूले ५०००लाई ख्वाउनुहुँदा (यूहन्ना ६:२७,४०,४७,५४र ६८), अनन्त जीवनको बारेमा बढि ध्यानआकर्षण गरिएको छ। आफू जीवनको रोटी भनेर येशूले बताउनुभएको थियो (यूहन्ना ६:३५), जसको अर्थ उहाँको जीवन, मृत्यु र पुनरुत्थान नै अनन्त वा अमर जीवनको स्रोत हो भनेर बताउँछ।

अनन्त जीवन वा त्यसै खालको जीवन भन्ने व्याक्यांश यूहन्नाको सुसमाचारमा १७ पल्ट देखा परेको छ। यसले कुनै हावा रूपि, अमूक आत्माको अस्तित्वको धारणा होइन। यसले जीवन दिने शक्तिको अवधारणालाई बुझाउँछ। यसले मुक्ति ल्याउँछ र अहिले र सदासर्वदा अर्थात् येशू फर्किनुहुँदा पनि हाम्रो अस्तित्वलाई जीवितै राख्दछ। जसरी येशू देह हुनुभयो त्यसरी नै येशू आउनुहुँदा हामी पुनरुत्थान हुँदा त्यस समय हामी ननासिने भौतिक शरीरमा परिवर्तन हुनेछौं। यो मृत्युबाट पुनरुत्थान हो। अदनको बगैंचामा भएको जीवन हामीमा नविकरण हुनेछ।

**हामीले अनन्त जीवन कसरी पाउँछौं? हेर्नुहोस्, " १५ र जस-जसले उहाँमाथि विश्‍वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। १६ "किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्‍वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" ३:१५-१६; "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्‍वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।" यूहन्ना ५:२४; " ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्‍वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" ४१ यहूदीहरू उहाँको विरुद्धमा गनगनाउन लागे, किनभने उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लिआएको रोटी म नै हुँ।" ४२ तिनीहरूले भने, "के यो योसेफको छोरो, येशू होइन? यसका बुबा र आमालाई हामी चिन्दैनौं र? अहिले यसले कसरी 'म स्वर्गबाट ओर्लिआएको हुँ' भनी भन्दछ?" ४३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू आपसमा**

नगनगनाओ। ४४ मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। ४५ 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ। ४६ पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ। wj* ४७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ। ४८ म जीवनको रोटी हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। ५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।" यूहन्ना ६:३८-५१; " ३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" यूहन्ना ८:३१-३२; " ४४ येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ। ४५ जसले मलाई देख्तछ, त्यसले मलाई पठाउनुहुनेलाई देख्तछ। ४६ म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। ४७ "कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ।" यूहन्ना १२:४४-४७ र "तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" यूहन्ना २०:३१।

येशूमाथि आस्था राखेर नै येशू ख्रीष्ट आउनुभयो र हाम्रो लागि मर्नुभयो भनेर हामी विश्वास गर्दछौं। परमेश्वरमाथिको विश्वास वा आस्था बरदानको रूपमा हामीलाई उपलब्ध गराएको छ। तर हामीले हाम्रो विवेक प्रयोग गरेर हाम्रो जीवन येशूमा समर्पण गर्नुपर्छ, पश्चात्ताप गर्नुपर्छ र हामीलाई पापबाट पखालिन र हामीले क्षमा पाउन उहाँको रगतको दावी गर्नुपर्दछ। पत्रुसले पनि आफूलाई छोडेर जाने हो कि भनेर येशूले सोध्नुहुँदा उनले यो जवाफ दिएका थिए,"६८ सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन् ६९ र हामीले विश्वास गरेका छौं र जानेका छौं,

तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" यूहन्ना ६:६८-६९। मुक्तिको सार र मुक्तिलाई कसरी प्राप्त गर्ने भन्ने उपाय पत्रुसले उल्लेख गरेका छन्। यो कुनै धर्म कर्म गरेर पैसा खर्चा गरेर, दर्शन, शिक्षादीक्षा, इतिहास, विज्ञान, विधि, नियम वा कुनै पनि मानवीय विषयहरूबाट पाइँदैन। मुक्ति केवल येशूबाट मात्र पाइन्छ। उहाँमा नै अनन्त जीवन छ। त्यो मुफ्तमा सबैलाई दिलाइ दिएको छ। तर पवित्र आत्माको आवाजलाई सुनेर येशूलाई ग्रहण गर्नुपर्छ।

***हामीमा हुने अनन्त वा अमर जीवनको अवधारणाले अहिलेको अस्थायी जीवनलाई कसरी प्रभाव पार्दछ? कुन धारणाले हामी हेर्छौं त्यसले हामीलाई कसरी प्रभाव पार्न सक्छ?***

## ३. विश्वास र पुनर्जन्म वा नयाँ जन्म

**यूहन्ना १:१२,१३मा येशूभक्त हुन के कदमहरू अङ्गाल्न जरुरी छ भनेर वर्णन गरिएको छ? हेर्नुहोस्, "१२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्।"**

यूहन्नाले सुसमाचार लेख्ने उद्देश्य थियो। त्यस सुसमाचार पढेर हामीले येशूलाई विश्वास गरुन् र उहाँको नाउँलाई विश्वास गरेर हामीले अनन्त वा अमर जीवन पाउन्। यूहन्ना १:१२मा यस प्रक्रिया पूरा गर्न दुई कदमहरू उल्लेख गरेका छन्। पहिलो कदम त हामीले उहाँलाई ग्रहण गर्नुपर्छ, त्यसको अर्थ उहाँलाई विश्वास गर्नु हो। दोस्रो कदममा उहाँले नै हामीलाई परमेश्वरका छोराछोरी हुन हामीलाई अधिकार वा शक्तिसम्पन्न गर्नुभएको छ। पद १३ले भन्छ हामी त परमेश्वरबाट नै जन्मिएका हुनेछौं। त्यसकारण, इसाई वा येशभक्त हुन मानवीय र दैविक पक्ष हुन्छ। विश्वासद्वारा हामी अघि बढेर उहाँलाई ग्रहण गर्नुपर्छ। उहाँको आत्मज्ञानको ज्योति हामीमा भित्र्याउन हाम्रो हृदय र विवेक खुला राख्नुपर्दछ। तर उहाँले नै हाम्रो हृदयलाई पुनर्जन्म दिनुहुन्छ।

भनौं भने विश्वास वा आस्था आफैं परमेश्वरको बरदान वा उपहार हो। तर त्यो आस्था परमेश्वरको वचन सुनेर आउँदछ वा जाग्दछ (रोमी १०:१७)। "ख्रीष्टमाथि विश्वास गरेर उहाँसँग गाँसिएर बसी सत्यवादी हुन उहाँलाई चिन्नैपर्छ। बाइबलको वचनले उहाँको प्रतिनिधित्व गर्दछ। एलेन जी.

ह्वाइट, *फन्डामेन्टलस अभ क्रिश्चियन एजुकेशन,* पृ. ४३३। "पवित्र आत्माले परिचालित र मानव दिमागलाई आत्मज्ञानको ज्योतिले चम्किँदा परमेश्वरमाथि विश्वासको सृजना हुन्छ।" एलेन जी. ह्वाइट कमेन्टस्, *द सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरी,* ठेली ७, पृ. ९४०।

जसले येशूलाई मसीह भनेर विश्वास गर्छ वा ग्रहण गर्छ उसले अनन्त जीवन पाउँदछ। येशूले बोल्नुभएको वचनलाई हामीले विश्वास गर्न र ग्रहण गर्न यूहन्नाले जिकिर गर्दछन् (यूहन्ना ५:२४,३८,४७)। मानिसलाई विश्वास दिलाउने काम पवित्र आत्माको काम हो, त्यसलाई आत्मसात गर्ने काम प्रत्येक मानव प्राणीको जिम्मेवारी हो (यूहन्ना १६:७,८; रोमी ८:१६)।

**येशूमा मुक्ति पाउने निति रोमी ८:१६मा कसरी दिएको छ? हेर्नुहोस्, " १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, १६ *त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो*। १७ र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं।" रोमी ८:१५-१७।**

पवित्र आत्माले परिचालित बाइबलले औंल्याएको विश्वास र निष्ठा नै हाम्रो आस्थाको जग हो। "विश्वास वा आस्था हुनु ठुलो आशिषको अनुभव गर्नु हो। यो नै परमेश्वरको अदृश्य शक्तसलाई देख्ने आँखा हो र सुन्ने काम हो।" एलेन जी. ह्वाइट, *इन हेभेन्ली प्लेसेज,* पृ. १०४। मानवी दर्शनमा विना प्रमाण वा दसि विश्वासको आधार हुँदैन भनेर सिकाउँछ। तर त्यसको विपरित विश्वास आफै परमेश्वरको वरदान भएकोले आस्थाको जग हो भनेर बाइबलले सिकाउँदछ (एफिसी २:८, १ कोरन्थी १:१७-२४, १ कोरन्थी २:१-६)। विश्वासमा जग बसालेर हाम्रो आत्मिक जीवन सुरु गर्छौं, अनि त्यहाँबाट परमेश्वरको आत्मज्ञान र अनुग्रहमा अघि बढ्दै जान्छौं।

***तपाईंको विश्वास वा आस्था के मा आधारित छ भनेर कसैले सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ?***

## ४. जीवनको स्रोतलाई बेवास्ता वा अस्वीकार गर्नु

यूहन्नाको पुस्तकमा मानव मनस्थितिको लक्षित गरि धेरै दुःख लाग्दो विवरणहरू प्रस्तुत गरेका छन्। "४ उहाँमा जीवन थियो, र त्यो जीवन

मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।... ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्।" यूहन्ना १:४-५,९-११। आफ्नै यहूदी जाति र धर्मगुरुहरूमध्ये धेरैले उहाँ "मै हुँ" लाई तिरस्कार र अस्वीकार गरेका थिए।

पावलले पछि यो चेतावनी दिएको आत्मसात गर्नुपर्दछ,"३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ। ३६ परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ।" हिब्रू १०:३५-३६। ख्रीष्टको वचनमा कान नथापेकोले मानिसहरूले उहाँलाई अस्वीकार गरेको हामीले बारम्बार पढ्दछौं।

"युगौं युगदेखि मानव सभ्यताका मानवहरूको सोच नै शङ्का वा जिज्ञासाबाट सुरु भइरहेको छ। सत्य के हो भनेर निर्णायत्मक धारणामा पुग्न मानिसहरूले प्रत्येक थोक प्रश्न गर्दछन्। तर क्रूसको अग्नीज्वालामा परेर जीवित भइरहेका येशूभक्तहरूले क्रूसलाई नै नियालेर हाम्रो चट्टान रूपि ज्ञानको ठोस आधार नै क्रूस हो भनेर ठम्याइरहेका हुन्छन्। येशूभक्तको आस्था वा विश्वास क्रूस मै अड्किरहेको हुन्छ। कतिपयले त्यही कदममा बाइबललाई पनि समावेश गरिरहेका हुन्छन्। हुन त कतिपयले बाइबललाई वैज्ञानिक, ऐतिहासिक, मनोवैज्ञानिक, दार्शनिक वा तार्किक, पुरातत्व खोज अनसुन्धान र भौगोलिक दृष्टिकोणले जाँचेर बाइबलको सत्यतालाई मान्न गइरहेका हुन्छन्। ती मानवीय तरिकाहरू नै बाइबलको सत्यतालाई शङ्का वा पहिले जाँचबुझ गरेर मात्रै ठम्याउन अग्रसर गरिरहेका हुन्छन्। बाइबल वा क्रूसको यथास्थितिलाई विश्वास नगरि अनेकौं मानवीय परिक्षणहरूको नतिजालाई हेरेर मात्रै येशू र बाइबल प्रति विश्वास ठम्याउन चाहनेहरूलाई येशूले आफ्नो जिज्ञासा यसरी राख्नुहुन्छ, "जब मानिसको पुत्र आउँछ तब के उनले यस पृथ्वीमा पक्का विश्वासमा लागेको मानिसलाई भेट्टाउँछ र? (लूका १८:८ रूपान्तरित)। -एडवार्ड जिन्क र रोलान्ड हेगस्टाड, *द सर्टेनिटी अभ सेकेन्ड कमिङ्ग,* (हागरटाउन, मेरिल्याण्ड, रिभ्यु, २०००) पृ. ९६।

**गन्ती १३:१६-३३ पढ्नुहोस्। कनानको बारेमा दुई सुराकी समूहले ल्याएको खबरले इस्राएलीहरूलाई कसरी असर पार्‍यो? हेर्नुहोस्, "१६ मोशाले**

देशको भेद लिन पठाएका मानिसहरूका नाउँ यी नै हुन् (गन्ती १३:१-१५)।
नूनका छोरा होशियाको नाउँ मोशाले यहोशू राखे। १७ मोशाले तिनीहरूलाई
कनान देशको भेद लिन पठाएर तिनीहरूलाई भने, "यहाँबाट लागेर नेगेव भनिने
दक्षिण क्षेत्रबाट पहाड़तिर जाओ, १८ र देश कस्तो छ, त्यहाँ बस्ने मानिसहरू
बलिया छन् कि निर्धा छन्, धेरै छन् कि थोरै छन् सो पत्ता लगाओ। १९
उनीहरू बसेको देश असल कि खराब, कस्तो छ, र उनीहरू छाउनीमा कि
किल्लामा, कस्ता सहरमा बस्दारहेछन्? २० जमिन कस्तो छ, मलिलो कि रूखो,
त्यहाँ जङ्गल छ कि छैन सो हेर। साहस गर, र त्यहाँको केही फलफूल
ल्याओ।" त्यस बेला प्रथम दाख पाक्ने ऋतु थियो। २१ यसैले तिनीहरू उक्लेर
गई जीनको उजाड़-स्थानबाट लेबो-हमाततिरको रहोबसम्म त्यस देशको भेद
लिए। २२ तिनीहरू नेगेवतिरबाट उक्लेर हेब्रोनमा पुगे, जहाँ अनाकका सन्तान
अहीमन, शेशै र तल्मै बस्थे। हेब्रोनचाहिँ मिश्रको सोअन सहरभन्दा सात वर्ष
पहिले निर्माण गरिएको थियो। २३ त्यसपछि तिनीहरू एश्कोलको* बेंसीमा गए,
र त्यहाँबाट दाखका हाँगाको एक झुप्पा काटेर एउटा घोचोमा हाली दुई जनाले
बोकेर ल्याए। तिनीहरूले अनार र नेभारा पनि ल्याए। २४ इस्राएलीहरूले
त्यहाँबाट त्यो झुप्पा काटेको हुनाले त्यस ठाउँको नाउँ एश्कोलको बेंसी
राखिएको हो। २५ चालीस दिनको अन्तमा त्यस देशको भेद लिइसकेपछि
तिनीहरू फर्के। २६ तिनीहरू फर्केर पारानको मरुभूमि भएको कादेशमा मोशा,
हारून र इस्राएलीका सारा समुदायकहाँ आए, र सारा समुदायलाई सम्पूर्ण वृत्तान्त
बताइदिए, र तिनीहरूलाई त्यस देशका फलफूल देखाए। २७ तिनीहरूले
मोशालाई यसो भने, "तपाईंले पठाउनुभएको ठाउँमा हामी पुग्यौं। साँच्ची नै
त्यहाँ दूध र मह बग्दारहेछन्, अनि त्यसको फलफूल यही हो। २८ तर त्यहाँ
बस्ने मानिसहरू बलिया रहेछन् र सहरहरू पर्खालले घेरिएका र ज्यादै ठूला-
ठूला रहेछन्। त्यसबाहेक हामीले त्यहाँ अनाकका सन्तानहरू पनि देख्यौं। २९
नेगेव भनिने दक्षिण क्षेत्रमा अमालेकीहरू, र पहाड़ी क्षेत्रमा हित्ती, यबूसी र
एमोरीहरू, अनि समुद्रको नजिक र यर्दन नदीको किनारमा कनानीहरू
बस्दारहेछन्।" ३० तब कालेबले मोशाको सामु मानिसहरूलाई शान्त गराएर
भने, "हामी तुरुन्त त्यहाँ गएर त्यो देश कब्जा गरौं, किनभने त्यो हामी अवश्य
जित्न सक्छौं।" ३१ तर तिनीसँग जाने मानिसहरूले भने, "ती मानिसहरूका
विरुद्धमा जान हामी सक्नेछैनौं, किनकि ती हामीभन्दा बलिया छन्।" ३२ भेद
लिन गएको देशबाट नराम्रो खबर सुनाएर तिनीहरूले इस्राएलीहरूलाई भने,

**"हामीले भेद लिएर आएको देशले त आफ्नै बासिन्दाहरूलाई निलिहाल्दोरहेछ, र हामीले त्यहाँ देखेका मानिसहरू दैत्यजस्ता रहेछन्। ३३ त्यहाँ हामीले नेफिलीमहरू देख्यौं, जसबाट अनाकका सन्तान आएका छन्। उनीहरूका सामु त हामी आफैलाई फटेङ्ग्राजस्तै लाग्यो। तिनीहरूका नजरमा हामीहरू त्यस्तै देखिन्थ्यौं।"**

जब कादेश बर्नियामा परमेश्वरको वचन र आदेशमा इस्राएलीहरूले शङ्का गरे त्यो नै तिनीहरूको निम्ति महापाप हुन गएको थियो। त्यो देशमा गएर त्यसलाई कब्जा गर भनेर परमेश्वरले आदेश दिनुभएको थियो। बाऱ्हजना सुराकीहरूलाई त्यस देशको भेद थाहा पाउन पठाइएका थिए। ती सुराकीहरू दुई समूहमा विभाजित भए र तिनीहरूमा मतभेद भयो। तिनीहरूले त्यस देशको बारेमा दुई थरीका प्रतिवेदनहरू जनसमूको बीच राखे। तिनीहरूमा बहुमतले नकारात्मक प्रतिवेदन प्रस्तुत गरेका थिए। तिनीहरूले भने त्यहाँका मानिसहरू त बढे बढे जिउ भएका राझसहरू छन्, तिनीहरूको सहर बलियो पर्खालहरूले घेरिएकाछन्। तिनीहरूका हतियारहरू हामे पहिला कहिल्यै पनि देखेका थिएनौं, तिनीहरूका सैनिकहरू तालिमप्राप्त दक्ष छन्। त्यसको विपरित हामी मिश्रमा दास भएकोले हामीमा सेनाको अनुभव कमै छ। दश जना सुराकीहरूले ल्याएको प्रतिवेदन मानव दृष्टिकोणले भारी थियो र मानिसहरूलाई थर थर काम्ने गराएको थियो। तर दुई सुराकीले तिनीहरूको विश्वास परमेश्वरको महा शक्तिमा भर परेर त्यस देशलाई कब्जा गर्न जाऔं भनेर हौशला दिएका थिए।

**ती नकारात्मक सुराकीहरूको भूल हामीले पनि नगर्न हामी कसरी सतर्क हुने? फेरि त्यस समय हामीले विश्वासभन्दा अनुमानको भरमा हिंडेर यो नै परमेश्वरको इच्छा हो र हामी असफल हुँदैन भनेर मूर्ख कामहरू गरि हामी जोखिममा नपर्न कसरी होशियारी हुने?**

## ५. दोषी ठहरिनु

"१६ "किनभने परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्‍वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्‍वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्‍वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्‍वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्‍वरका एकमात्र पुत्रको नाउँमा विश्‍वास गरेको छैन। १९ फैसलाचाहिँ यही होः ज्योति

संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्। २१ सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।" यूहन्ना ३:१६-२१ र "१० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्।" यूहन्ना १:१०-१३।

**मानिसहरूलाई परमेश्वरको सामु न्यायको आशनमा किन आउँछन्? हेर्नुहोस्, "१८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। १९ फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्।...३६ जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।" यूहन्ना ३:१८-२०,३६; "२४ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। २५ साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्। २६ किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ। २७ अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो।**

**२८ "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्...३६ "तर मसँग जो गवाही छ, त्यो**

यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो। ३७ मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ। उहाँको सोर तिमीहरूले कहिले सुनेका छैनौ, अनि उहाँको रूप कहिले देखेका छैनौ। ३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ।" यूहन्ना ५:२४-२८, ३६-४०;"१९ तिनीहरूले उहाँलाई भने, "तिम्रा पिता कहाँ छन्?"

येशूले जवाफ दिनुभयो, "तिमीहरू न त मलाई चिन्छौ न मेरा पितालाई। तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ।" २० यी कुरा उहाँले मन्दिरमा शिक्षा दिनुहुँदा भेटी चढ़ाउने ढुकुटीको छेउमा भन्नुभएको हो। अनि कसैले उहाँलाई पक्रेन, किनभने उहाँको समय अझ आएको थिएन। २१ उहाँले फेरि तिनीहरूलाई भन्नुभयो, "म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौ, र तिमीहरू आफ्ना पापमा मर्नेछौ। जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौ।" २२ यहूदीहरूले भने, "यिनले त आत्महत्या पो गर्ने हुन् कि क्या हो? किनभने यिनले 'जहाँ म जान्छु तिमीहरू आउन सक्दैनौ' भनी भन्छन्।" २३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू तलका हौ। म माथिको हुँ। तिमीहरू यस संसारका हौ। म यस संसारको होइनँ। २४ मैले तिमीहरूलाई भनें, 'तिमीहरू आफ्ना पापमा मर्नेछौ,' किनभने म उही हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ'।" यूहन्ना ८:१९-२४ र "४४ येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ। ४५ जसले मलाई देख्तछ, त्यसले मलाई पठाउनुहुनेलाई देख्तछ। ४६ म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। ४७ "कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। ४८ मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ। ४९ किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने

**पिता आफैले मलाई आज्ञा दिनुभएको छ। ५० म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।" यूहन्ना १२:४४-५०।**

संसारको ज्योति वा आत्मज्ञान दिने व्यक्तित्व येशू ख्रीष्टलाई ग्रहण गर्न हामी अस्वीकार गऱ्यौं भने हामी शङ्काको घेरामा नै गुटमुटिएर बस्दछौं र सैतानको पाशोमा हामी पर्दछौं। ज्योतिबाट अन्धकारमा नै रहने हाम्रो निर्णयले हाम्रो जीवन अन्धकारमा नै परिरहेको हुन्छ।

अदनको बगैंचाको बीचमा रहेको रूखलाई के नगर्ने भन्ने आत्मज्ञान हव्वालाई दिएको थियो। उनमा भएको आत्मज्ञानको ज्योतिलाई प्रश्न गर्न उनलाई सैतानले उक्सायो। आफूले सृष्टि गरेका सृष्टिहरूलाई परमेश्वरले प्रेम गर्नुभएकोले उहाँले नाश गर्नुहुन्न भन्ने अनुमान लगाएर उनले परमेश्वरको वचनलाई जाँचेकी थिइन्। फेरि उनी आफ्नै चेतना र कामवास्नामाथि भर परिन्। उनले सोचिन् सर्पले फल खायो, जसले गर्दा उसले मानिसले जस्तै बोल्ने शक्ति आयो। सर्पले भनेको ठिकै होला। *मैले पनि फल खाएँ भने म पनि परमेश्वर जस्तै वा भगवान नै हुनेछु होला* । धोखामा परेकी हव्वा ज्योति वा आत्मज्ञानबाट फर्किन्। उनको श्रीमानले पनि त्यही बाटोमा लागे।

**मत्ती ४:१-४ पढ्नुहोस्। सैतानले हामीलाई अनेकौं तरिका र हाम्रा इन्द्रियहरूलाई घचघाउने खालको प्रलोभनमा परेर धोखा नपाउन येशूले के नितीहरू हाम्रो सामु तेर्स्याउनुभएको छ? हेर्नुहोस्, "१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। २ उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। ३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" ४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।"**

सैतानले ल्याएको त्यही खालका मानवीय खोजनीति गरेर निर्णय गर्न येशू पनि पर्नुभएको थियो **जुन** आदम र हवा, जलप्रलयभन्दा अघिका मानिसहरू र कादेश बर्नियामा इस्राएलीहरू फसेका थिए। उहाँले पनि यो सोच्न वा जाँचबूझ गर्न सक्नुहुन्थ्यो, प्रेमिलो परमेश्वर पिताले आफ्नो पुत्रलाई ४० दिनसम्म मरुभूमि वा जङ्गलमा बिना खाना र सुरक्षामा पार्नुभयो? आफू परमेश्वरको पुत्र हो भनेर प्रमाणित गर्न उहाँले ढुङ्गालाई रोटीमा परिणत गर्न

सक्नुहुन्थ्यो (पानीलाई स्वादिलो रसमा परिणत गर्ने येशूले के त्यो गर्न सक्नुहुन्नथ्यो होला?-अनुवादक)! तर सैतानले ल्याएको परीक्षाका सामना येशूले परमेश्वरको वचनले सामना गर्नुभयो। उहाँ स्वर्गिय स्थानको स्तरमा रहेर आफ्नो जीवन चलाउनुभएको थियो। उहाँ परमेश्वरलाई विश्वास नगर्ने मानवीय दर्शन, धारणा, वाद आदिको प्रभावमा पर्नुभएन। गलत बाटोमा हामी हिँड्न पनि कारणहरूलाई तेर्स्याएर चल्न कस्तो सजिलो हुन्छ, होइन त? परमेश्वरलाई विश्वास गर्छु भनेर दावी गर्ने येशूभक्तहरू पनि त्यस धरापमा सजिलैसँग परेको पाइन्छ।

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेज, पृ. १९-२६को "गड विथ अस," र पृ. ६०१-६०९को "कन्त्रोभर्सी।"**

"मानव जीवन बिताउन आफूलाई निहुराउनुभएर येशू ख्रीष्टले आफ्नो चरित्र सैतानको विपरित भएको प्रमाणित गर्नुभएको थियो। अझ उनी अझ नम्र भएर तल झर्नुभएको थियो। सबै बेइज्जत सहन उहाँ राजी हुनुभएको थियो। 'स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" फिलिप्पी २:८। जब न्यायको आशनमा बस्दा मूल पुरोहितले रबाफिलो राजकीय कोटलाई पन्छाएर साधारण पुजारीले जस्तो सेतो वस्त्र लगाउँथे, येशूले पनि सेवकको रूप धारण गर्नुभयो र आफै पुजारी भएतापनि उहाँ पीडित वा सैतानको शिकार हुनुभयो र मानव मुक्ति तथा कल्याणको निम्ति बलि हुनुभयो। "२ ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। ४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै

भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।" यशैया ५३:२-६।

"जुन व्यवहार वा दोषले हामी पर्न योग्य भएका थियौं त्यसमा येशू पर्नुभयो ताकी उहाँले पाउनु पर्ने दैविक व्यवहार हामीले पाऊन्। हाम्रा पापहरूका निम्ति उहाँ दोषी ठहरिनुभयो। हाम्रा पापहरूमा उहाँ सहभागी हुन कारणै थिएन। तर उहाँको धार्मिकताले हामी निर्दोष ठहरियौं भनेर नै येशूले त्यो गति भोग्नुभयो। येशूको धार्मिकता पाउन हामी योग्य नै थिएनौं। हामी मर्नुपर्ने मृत्युको कष्ट उहाँले भोग्नुभयो जसले गर्दा उहाँको जीवन हामीले पाऊन्। 'उहाँले पाउनुभएको कोर्राको चोटले हामी निको भयौं।'"- *द डिजाएर अभ एजेज,* पृ. २५।

**चिन्तनमनन:**

अ. यस संसारलाई उद्धार गर्न र मानिसहरू अर्थमूलक जीवन बिताउन् भनेर येशूले कति थोक त्याग्नुभयो। येशूमा विश्वास गरेर यस अचम्मको सत्यतालाई दिलमा राखेर अरूहरूलाई कुन उत्तम तरिकाले तपाईं सेवा गर्न सक्नुहुन्छ?

आ. मानवीय दर्शन, विज्ञान, धर्म, वाद आदिमा भर परेर निर्णयहरू गर्नु र परमेश्वरले प्रकट गर्नुभएको विद्याको आधारमा निर्णयहरू गर्नुमा के भिन्नता छ?

इ. मानिसहरूले गर्द तर्क, दर्शन आदिलाई घुसाएर परमेश्वरको वचनलाई बुझ्न प्रयास गर्नु कस्तो हुन्छ? यद्यपि हामी कुन कारण र तर्कले विश्वासमा आउँछौं? भविष्यवाणी पूरा भएको चकित पार्ने शिक्षाले र यस पृथ्वी वा प्राकृतिक सम्पदाको सौन्दर्मय जटिलतालाई ध्यान गर्दा परमेश्वर र हामीलाई मुक्ति दिने उहाँको सत्य योजनालाई तर्कसम्मत भएर उहाँमा आस्था कसरी राख्ने? के बिना कारण वा अन्धविश्वासको भरमा येशूको पछि लाग्ने?

ई. तपाईंको विश्वास वा येशूमाथिको आस्था केमा भर परेको छ? कसैले येशू र सुमाचारको तपाईंले किन विश्वास गर्नुभयो भनेर सोध्यो भने तपाईंले उसलाई कसरी जवाफ दिने?

## कथा ९

## "हामीसँग बस्नुहोस्"

एक रात आठ बजे सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको पास्टरको घरमा एक विवाहित दम्पत्तिले ढकढक्यायो। यो अमेरिकाको अलास्का राज्यको साभोङ्ग गाउँमा थियो। त्यो धेरै अबेलाको समय थिएन। गृष्म कालको घामले आकाश चहकिलो भएको थियो। त्यस राज्यमा घाम बिहान २:३०मा मात्र अस्ताउँथ्यो। रुसको बेरिङ्ग समुद्रको पूर्वको ३६ माइल पर रहेको सन्ट लौरेन्स आइलाण्डमा बसोबास गरेका साइबेरियन युपिक मानिसहरू राती घन्टौंसम्म पनि सुत्दैनन्।

युजिन र मेरी ८० वर्षका थिए। ढोका ढकढक्याउँदा त्यस गाउँमा कोही पनि ढोका खोल्न अपेक्षा गर्दैनन्। त्यस गाउँमा ८३५ जना मानिसहरू बस्दछन्। ढोका ढक ढक गर्दै मानिसहरू भित्र पस्छन्। घरमा पास्टर पाहुना भएर बसेको घरमा ती दम्पत्ति आगन्तुक गएका थिए। म पनि त्यस टापुमा एडभेन्टिस्ट मिसनको निम्ति कथाहरू सङ्कलन गर्न गएको थिएँ। मेरीले मसँग सिधै सोधिन्, "के तपाईं पास्टर हुनुहुन्छ?" हुँ भनेर मैले जवाफ दिँदा उनका आँखाहरू रसाएका थिए। "हामीसँग रहनुहोस्, हाम्रो चर्चलाई खुला राखेर बाइबल सिकाउने मानिसको आवश्यकता हामीलाई छ," नरम स्वभावले उनले बताइन्। सन १९७२ मा निर्माण गरिएको र चर्चको पास्टरको निम्ति कोठा भएको चर्च धेरै पल्ट बन्द भएको थियो। पास्टरहरू त्यहाँ केही समयसम्म रहन्थे र प्रचार गर्थे। तर बिस वर्षसम्म एडभेन्टिस्टहरू ज्यादै कम भएकोले त्यो चर्च बन्द भएको थियो। सन २०१०मा चर्च फेरि खोलिएको थियो। त्यसबेला अमेरिकाको नर्थ क्यारोलिना राज्यका दुई अवकाश प्राप्त नर्स दम्पत्ति बिल र इलुइज हक बाइबल सिकाउने भनेर आएका थिए। तिनीहरूलाई अलास्काको आर्कटिक मिसन एडभेन्चर आउटरिच योजनाबाट खटाएका थिए। तिनीहरूले अलास्काको आदिवासीहरूलाई सुसमाचार सुनाउन आएका थिए। सन २०१६ मा बिलको मृत्यु भयो र केही समय इलुइज त्यहाँ बसे, तर म आउनुभन्दा केही समय अघि उनी स्वास्थ्यको कारण आफ्नै घरमा फर्केका थिए।

मेरीले इलुइजलाई धेरै मिस गरेकी थिइन्। उनले गाउँलेहरूलाई घरमा बोलाएर खाना पकाएर ख्वाउँथी, "हामीलाई इलुइजको खाँचो छ," उनले

सुनाइन्। मैले इलुइजलाई कहिल्यै पनि भेटेको छैन। तर उनी जोशिलो पाराकी महिला थिइन्। मेरो यात्रामा उनीसँग धेरै पत्राचार भएको थियो। जब गाउँलेहरूप्रति उनको माया थाहा पाए उनमाथि मेरो श्रद्धा बढेको थियो।

एक घन्टाको कुराकानी पछि मेरीले मलाई फेरि हेरेर अनुरोध गरिन्, "हामीलाई परमेश्वरको बारेमा सिकाउने कोही चाहिन्छ। हामीसँग बस्नुहोस्।"

उनको त्यो अनुनय बिन्ति सुन्दा जब येशूले यस संसारमा सेवाकार्य गर्नुभएको थियो उहाँको करुणा कसरी जागेको थियो भन्ने कुरा मलाई याद आयो, "जब उहाँले भिँडलाई देखे तब उहाको हृदय तिनीहरूका निम्ति करुणाले हल्लिएको थियो। तिनीहरू थकान र छरिएका थिए। तिनीहरू गोठालाबिना भेँडाहरू जस्ता थिए।" मत्ती ९:३६ रूपान्तरित। म त्यो गाउँ छोडन् मन त परेको थिएन। अलास्काको साभुङ्गा र अरू २०० गाउँले समूदायका मानिसहरूप्रति मेरो हृदय दुखेको थियो। त्यस भेगमा केवल ११ जना एडभेन्टिस्टहरू मात्र छन्।

जब येशूको हृदय दुखेको थियो उहाँले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "फसल त प्रशस्त छन् तर खेतालाहरू कमै छन्। त्यसकारण फसलका प्रभुको निम्ति प्रार्थना गर्नु ताकि उहाँले उहाँका निम्ति खेतालाहरू पठाऊन्।" मत्ती ९:३७,३८।

*अलास्काको निम्ति प्रार्थना गर्नुहोस्।*